National News : 17/05/2026

यो आकाशवाणी हो

मुख्य समाचार

१) प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो पाँच राष्ट्रको औपचारिक भ्रमणको तेस्रो चरण अन्तर्गत आज साँझ स्वीडेन पुग्नुभयो

२) राष्ट्रपति द्रौपदी मुर्मुद्वारा २०२६ लागि प्रतिष्ठित 'पद्म पुरस्कार' आगामी मे २५ तारिखका दिन प्रदान गर्नुहुने ।

३)केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहद्वारा आज गान्धीनगरस्थित नेशनल इन्स्टिट्च्युट अफ डिजाइन मा नवनिर्मित 'इनोभेसन एण्ड इन्क्युबेसन सेन्टर' को उद्घाटन ।

४) देशव्यापी जनगणना अभियान अन्तर्गत पहिलो चरणको 'घर तथा घरपरिवार सूचिकरण कार्य 'राजस्थान, मेघालय, महाराष्ट्र, झारखण्ड र दिल्लीमा सुरु

-----------

## 1-PM- Sweden Visit

प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो पाँच राष्ट्रको औपचारिक भ्रमणको तेस्रो चरण अन्तर्गत नेदरल्याण्ड्सको भ्रमण सफलतापूर्वक सम्पन्न गरी आज साँझ स्वीडेनको गोटेनबर्ग आइपुग्नुभएको छ। गोटेनबर्ग विमानस्थलमा ओर्लनुभएका प्रधानमन्त्री मोदीलाई स्वीडिस प्रधानमन्त्री उल्फ क्रिस्टर्सनले आफैं उपस्थित भई हार्दिक स्वागत गर्नुभएको छ।
आफ्नो दुई दिने स्वीडेन भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले आफ्ना स्वीडिस समकक्षीसँग द्विपक्षीय वार्ता गर्दै दुई देशबीचको समग्र सम्बन्धको समीक्षा गर्नुहुनेछ। यस वार्ताका क्रममा व्यापार, हरित ऊर्जा, आर्टिफिसियल इन्टेलिजेन्स अत्याधुनिक प्रविधि, स्टार्टअप, सुरक्षित आपूर्ति शृङ्खला रक्षा, अन्तरिक्ष, जलवायु परिवर्तन र जनस्तरको सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा गहन छलफल हुने अपेक्षा गरिएको छ। यसका साथै दुवै देशका प्रधानमन्त्रीहरूले युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनसँगै युरोपको प्रतिष्ठित

व्यावसायिक मञ्च 'युरोपियन राउन्ड टेबल फर इन्डस्ट्री' लाई संयुक्त रूपमा सम्बोधन गर्ने कार्यक्रम समेत रहेको छ।
नेदरल्याण्ड्सको दुई दिने भ्रमणका क्रममा दुवै देशबीच रक्षा, क्रिटिकल मिनरल्स (महत्त्वपूर्ण खनिज) लगायतका प्रमुख क्षेत्रहरूमा सहयोग बढाउन १७ वटा महत्त्वपूर्ण सम्झौताहरूमा हस्ताक्षर भएको छ। नेदरल्याण्ड्सको भ्रमणले दुई देशको सम्बन्धमा नयाँ ऊर्जा थपेको र आपसी सम्बन्ध 'रणनीतिक साझेदारी' मा रूपान्तरण भएको बताउनुभएको छ।

## 2) राष्ट्रपति द्रौपदी मुर्मुले : 'पद्म पुरस्कार'

राष्ट्रपति द्रौपदी मुर्मुले यस वर्ष (२०२६) का लागि प्रतिष्ठित 'पद्म पुरस्कार' आगामी मे २५ तारिखका दिन प्रदान गर्नुहुने भएको छ। केन्द्रीय गृह मन्त्रालयले सामाजिक सञ्जालमार्फत दिएको जानकारी अनुसार राष्ट्रपति भवनमा आयोजना हुने पहिलो नागरिक अलंकरण समारोह मा राष्ट्रपतिले पद्म विभूषण, पद्म भूषण र पद्म श्री पुरस्कारहरू प्रदान गर्नुहुनेछ।

यस वर्ष भारत सरकारले कुल १३१ वटा पद्म पुरस्कारहरूको घोषणा गरेको छ। यसमा ५ वटा पद्म विभूषण, १३ वटा पद्म भूषण र ११३ वटा पद्म श्री पुरस्कारहरू सामेल छन्। पुरस्कार विजेताहरूमध्ये १९ जना महिला रहेका छन् भने १६ जना व्यक्तित्वहरूलाई मरणोपरान्त यो सम्मान प्रदान गरिने मन्त्रालयले जनाएको छ।

## 3) मन्त्री अमित शाहले गुजरात

केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहले आज गुजरातको गान्धीनगरस्थित नेशनल इन्स्टिच्युट अफ डिजाइन मा नवनिर्मित 'इनोभेसन एण्ड इन्क्युबेसन सेन्टर' को उद्घाटन गर्नुभएको छ। यस अवसरमा बोल्दै मन्त्री शाहले नेशनल इन्स्टिच्युट अफ डिजाइनको महत्त्वमाथि प्रकाश पार्नुभयो र यसलाई रचनात्मकता लाई उद्यमशीलता सँग जोड्ने एउटा उत्कृष्ट संस्थाको रूपमा वर्णन गर्नुभयो। उहाँले एनआईडी जस्ता संस्थाहरूले युवाहरूलाई नयाँ

आविष्कार र व्यावसायिक विकासका लागि सही मञ्च प्रदान गर्ने कुरामा जोड दिनुभयो। यस उद्घाटन समारोहमा केन्द्रीय मन्त्री पियुष गोयलको पनि गरिमामय उपस्थिति रहेको थियो।

## 2) CBSE- उत्तर पुस्तिका पुनःमूल्याङ्कन

केन्द्रीय माध्यमिक शिक्षा बोर्ड को कक्षा १२ को परीक्षाफललाई लिएर विद्यार्थीहरूमाझ देखिएको चिन्ता र उत्तीर्ण प्रतिशतमा आएको सामान्य गिरावटप्रति सरकारले आफ्नो ध्यानाकर्षण भएको जनाएको छ। विद्यालय शिक्षा तथा साक्षरता विभागका सचिव सञ्जय कुमारले नयाँ दिल्लीमा पत्रकारहरूलाई सम्बोधन गर्दै विद्यार्थीको हित आफूहरूको सबैभन्दा ठूलो प्राथमिकता रहेको र कुनै पनि विद्यार्थीलाई आफ्नो क्षमता अनुसारको अङ्क नपाएको महसुस हुन नदिने स्पष्ट पार्नुभएको छ।

सचिव सञ्जय कुमारले उत्तरपुस्तिकाहरूको 'अन-स्क्रिन मार्किङ' २०१४ मा पहिलो पटक प्रयोगमा ल्याइएको यो डिजिटल प्रणाली विभिन्न विश्वविद्यालय र अन्तर्राष्ट्रिय बोर्डहरूले व्यापक रूपमा प्रयोग गर्दै आएका छन्।

उहाँले भन्नुभयो, नयाँ व्यवस्था अनुसार उत्तरपुस्तिका हेर्नका लागि १०० रुपैयाँ, अङ्क प्रमाणीकरण का लागि १०० रुपैयाँ र प्रतिप्रश्न पुनःमूल्याङ्कनका लागि २५ रुपैयाँ मात्र शुल्क तोकिएको छ। यदि पुनःमूल्याङ्कनपछि विद्यार्थीको अङ्क बढेमा सो शुल्क पूर्ण रूपमा फिर्ता (Refund) गरिने सचिव कुमारले जानकारी दिनुभयो।

यो पुनःमूल्याङ्कन प्रक्रिया यही मे १९ तारिखदेखि सुरु हुनेछ। सरकारले सबै समस्याहरूलाई पूर्ण संवेदनशीलता र निष्पक्षताका साथ समाधान गर्ने आश्वासन दिँदै विद्यार्थी तथा अभिभावकहरूलाई कुनै  भ्रम वा चिन्तामा नपरी उपलब्ध आधिकारिक माध्यमहरूको उपयोग गर्न आग्रह गरेको छ।

## रेल आगलागी: उच्चस्तरीय छानबिनको आदेश

केन्द्रीय रेल मन्त्री अश्विनी वैष्णवले आज भर्चुअल माध्यमबाट बेंगलुरु र मुम्बईबीच एक नयाँ एक्सप्रेस रेल सेवाको उद्घाटन गर्नुभएको छ। यस नयाँ रेल सेवाको सुरुवातसँगै कर्नाटक र महाराष्ट्रबीचको रेल सम्पर्क अझ सुदृढ हुने भएको छ। यसका साथै रेल मन्त्रीले यात्रुहरूका लागि अर्को ठूलो घोषणा गर्दै बेंगलुरु र मुम्बईबीच छिट्टै नै 'वन्दे भारत स्लिपर' रेल सेवा सुरु हुन लागेको जानकारी समेत दिनुभएको छ।

यसै विच मन्त्रालयले त्रिवेन्द्रम-नयाँ दिल्ली राजधानी एक्सप्रेसको दुई कोचमा लागेको आगलागीको घटनालाई लिएर उच्चस्तरीय छानबिनको आदेश दिएको छ। कोटा डिभिजनको नागदा नजिकै आज बिहान करिब ५:१५ बजे त्रिवेन्द्रम-नयाँ दिल्ली राजधानी एक्सप्रेसको एउटा गार्ड कोच र एउटा एसी ३ टियर कोचमा अचानक आगलागी भएको थियो। रेल्वे कर्मचारीको सतर्कताका कारण दुर्घटनामा सबै यात्रु सुरक्षित रहेको बताइएको छ।

## **पाँच राज्यमा पहिलो चरणको जनगणना कार्य सुरु**

केन्द्रीय गृह मन्त्रालयका अनुसार देशव्यापी जनगणना अभियान अन्तर्गत पहिलो चरणको 'घर तथा घरपरिवार सूचिकरण'को स्थलगत कार्य पाँचवटा राज्य र केन्द्रशासित प्रदेशहरू राजस्थान, मेघालय, महाराष्ट्र, झारखण्ड र दिल्लीमा सुरु भएको छ।

यसैबीच, आन्ध्र प्रदेश, अरुणाचल प्रदेश, बिहार, चण्डीगढ, छत्तिसगढ, दादरा र नगर हवेली तथा दमन र दिउ, हरियाणा, मध्य प्रदेश, पञ्जाब, तेलंगाना र उत्तराखण्डमा गणकहरूद्वारा घर-घरमै पुगेर गरिने सूचिकरण कार्य अहिले तीव्र गतिमा अघि बढिरहेको छ।

यसका साथै, गुजरात, जम्मु-कश्मीर, लद्दाख र पुडुचेरीमा आजदेखि 'स्व-मूल्याङ्कन' अर्थात् 'सेल्फ-इन्युमरेसन' सुविधा सुरु भएको छ, जो यसै महिनाको ३१ तारिखसम्म उपलब्ध रहनेछ।

**नागरिक उड्डयन मन्त्री:  दिल्ली सरकारको सराहना**

केन्द्रीय नागरिक उड्डयन मन्त्री राम मोहन नायडुले हवाई इन्धन मा लाग्दै आएको मूल्य अभिवृद्धि कर लाई २५ प्रतिशतबाट घटाएर ७ प्रतिशतमा झार्ने दिल्ली सरकारको निर्णयको सराहना गर्नुभएको छ। श्री नायडुले, सामाजिक सञ्चालमार्फत,  दिल्ली सरकारको यस कदमको प्रशंसा गर्दै मन्त्री नायडुले विश्वव्यापी रूपमा उड्डयन क्षेत्रले सञ्चालन र लागतको ठूलो दबाब झेलिरहेको वर्तमान समयमा राज्य सरकारहरूद्वारा चालिने यस्ता अग्रसरताले विमान कम्पनीहरूलाई ठूलो राहत पुग्ने र यात्रुहरूका लागि हवाई यात्रा किफायती बनाउन मद्दत पुग्ने बताउनुभयो।

**अब मौसम सम्बन्धि समाचार**

भारतीय मौसम विज्ञान विभाग ले आज देशका विभिन्न भागहरूमा भारी वर्षा र केही क्षेत्रहरूमा अत्यधिक गर्मी हुने सम्भावना औंल्याउँदै मौसम सम्बन्धी विशेष चेतावनी जारी गरेको छ।  विभागका अनुसार आज अण्डमान र निकोबार द्वीपसमूह, उप-हिमालयी पश्चिम बङ्गला र सिक्किमका केही स्थानहरूमा भारीदेखि धेरै भारी वर्षा हुने सम्भावना रहेकाले ती क्षेत्रहरूका लागि 'अरेन्ज अलर्ट' जारी गरिएको छ। । अर्कोतर्फ, मध्य प्रदेश, राजस्थान, उत्तर प्रदेश र विदर्भ क्षेत्रमा भने भोलिसम्म तीव्र रुपमा गरम हावा अर्थात  लु चल्न सक्ने जानकारी गराएको छ ।

**अब खेल प्रसंग**

आइ पी एल क्रिकेट अन्तर्गत धर्मशाला खेलिएको आजको पहिलो खेलमा  पन्जाब किंग्स को विरुद्ध, रोयल च्यालेन्जर्स बेंगलोरले निर्धारित २० ओभरमा  २२२ रनबनेको थियो, २२३ रुनको लक्ष्यलाइ पछ्याउंदै पन्जाब  किंग्सले ।

आइ पी एलको दोस्रो खेल अहिले बेलुकी  ७:३० बजे देखि  दिल्ली क्यापिटल्स विरुद्ध राजस्थान रोयल्स
माझ दिल्लीको अरुण जेट्ली स्टेडियममा चलिरहेको छ